# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## आबुखैरेनी गाउँपालिका, तनहुँ

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

***Serving the Nation***

***and***

***the People***

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं

मिति: २०७७/३/२४

श्री प्रमुखज्यू,
आबुखैरेनी गाउँपालिका,
तनहुँ ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(वागमती तथा गण्डकी महानिर्देशनालय)**

पत्र संख्याः २०७६/७७
च.नं

मितिः २०७७।३।२५

श्री प्रमूखज्यू,
आँबुखैरेनी गाउँपालिका कार्यालय,
तनहुँ ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यस सङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यस सङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तह सङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार :**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.४ करोड २१ लाख ७६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड ३८ लाख १३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ८१ लाख ८ हजार, नियमित गर्नुपर्ने रु.३५ लाख ४१ हजार र पेश्की रु.६७ लाख १४ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।१६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना सोह्र (१६) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

# आँबुखैरेनी गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७५/७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउँपालिका अर्न्तगत ६ वडा रहेको, १२८ व.कि.मी. क्षेत्रफल र २०७६८ जनसंख्या रहेको यो गाउँपालिका गण्डकी प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता  र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७५।०७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

## आय व्ययको विवरण

| स.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | शिर्षकगत रकम | जम्मा रकम | | विवरण | शिर्षकगत रकम | जम्मा रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | १९१११२३०८.५९ | |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | १०८००८३२०.४१ | |
| | ख) बैंक | ४३४८९६५३.४४ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| | ग) धरौटी बैक | ६०६१७७.४७ | | | क) ऋण भुक्तानी | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | ख) व्याज भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ८२६५५१६.३८ | | | ग) अन्य भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ४५९७३९२७.२० | | ४ | **लगानी** | | |
| | ङ) अन्य (विभिन्न कार्यक्रम) | ४४५९७७५० | | | क) ऋण लगानी | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ख) शेयर लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | ७७९००००० | | | ग) अन्य लगानी | | |
| | ख) सशर्त अनुदान | १३०९२५००० | | | | | |
| | ग) समपूरक अनुदान | | | | | | |
| | घ) विशेष अनुदान | | | ६ | **कोष खर्च** | १६२२७७५०.० | |
| | ङ) अर्थ वजेट | | | ७ | **ओ.डि.एफ. खर्च** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ८ | **अर्थ वजेट** | | |
| | क)वित्तीय समानीकरण अनुदान | ५६८९००० | | ९ | **मौज्दात** | | |
| | ख) सशर्त अनुदान | | | | क) नगद मौज्दात | | |
| | ग) समपूरक अनुदान | | | | ख) बैंक मौज्दात : | ९१४२१६४७.५८ | |
| | घ) विशेष अनुदान | | | | ग) धरौटी मौज्दात | २५७७९७५.१८ | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | घ) अन्य मौज्दात | | |
| | क) ऋण प्राप्ति | | | | ङ) राजश्व खाता बैक मौज्दात | | |
| | ख) साँवा प्राप्ति | | | | च) राजश्व खाटा (नगद) | | |
| | ग) ब्याज प्राप्ति | | | १० | **निकासा फिर्ता** | | |
| | घ) अन्य प्राप्ति | | | | क) गरिबसँग विश्वेश्वर कार्यक्रम | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ङ) विषेश अनुदान | | | | ख) प्रधानमन्त्री रोजगार कार्यक्रम | | |
| ६ | **विभिन्न कार्यक्रमहरु** | | | | ग) प्रदेश तथा स्थानीय तह क्षमता विकास कायक्रम | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | **२५०००००** | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | | | |
| १० | **धरौटी आय** | **४६९४०१६७१** | | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **अन्य विविध आय** | | | | | | |
| | **क) वडा बाट फिर्ता** | | | | | | |
| | **कुल जम्मा** | **४१२०७०२२०.७६** | | | **जम्मा** | **४१२०७०२२०.७६** | |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | |
|---|---|---|
| १ | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा गाउँ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार गाउँपालिकाबाट गाउँपालिका प्रमुख, उप प्रमुख, वडा अध्यक्ष ६, कार्यपालिका सदस्य ६ र सभाका २० जना सदस्यहरुलाई मासिक सुविधा, खाजा खर्च र संचारमा रु. ४७३४६०० सुविधा वापत भुक्तानी भएको छ । | |
| २ | **कानुन निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अन्तर्गत यस वर्ष गाउँपालिकाले २ वटा ऐन, ३ वटा नियमावली र २ वटा कार्यविधि तर्जुमा गरि राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् । गाउँपालिलाई आवश्यक पर्ने अन्य ऐन, नियम निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । | |
| ३ | **न्याय सम्पादन :** नेपालको वर्तमान संविधानको धारा २१७ मा व्यवस्था गरिए बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार न्यायिक समितिले मुद्दा मामिला किनारा तथा मेलमिलाप गराउने व्यवस्था छ । गाउँपालिकाले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन भई समितिमा २०७५ श्रावण देखि असारमसान्त सम्म जम्मा ५० उजुरी दर्ता भएकेमाा १९ वटा फछ्यौट भई छलफल हुन वाँकी ३१ अल्या गरिएको रहेका छ । फछ्यौट हुन बाकी मुद्धाहरुो फछ्यौट गर्नेतर्फ समितिको ध्यान दिनुर्ने देखिन्छ । | |
| ४ | **सन्चित कोष हिसाबः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६९मा प्रत्येक नगरपालिकाका तथा गाँउपालीकाको एउटा सन्चित कोष रहने र उक्त कोषमा राजस्व, अनुदान, ऋण लगायतका रकमहरु रहने र उक्त कोषबाट खर्च गर्न सकिने रकमको व्यवस्था रहेको छ । कार्यालयले सन्चित कोषको हिसाब तयार गरेको नदेखिएकोले सन्चित कोषमा जम्मा भएको र सो बाट भएको खर्च एकिन गर्न नसकिएको हुँदा सन्चित कोषको हिसाब तयार गर्नुपर्ने देखिन्छ । | |
| ५ | **सन्चित कोषमा ट्रान्सफर :** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकि रहेको रकम आर्थिक वर्षको अन्त्यमा सन्चित कोषमा जम्मा हुने व्यवस्था रहेकोमा कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु खर्च खातामा रु. १५२०५७४२.८६ र पूँजीगतखर्च खातामा रु. ४३३४४९०९.२७ आर्थिक वर्षको अन्तमा बाँकि देखाएको छ । कानूनी व्यवस्था अनुसार यस्ता खातामा रहेको रकम सन्चित कोषमा जम्मा गरी खाताको मौज्दात शून्य बनाउनुपर्नेमा सो अनुसार भएको नदेखिएकोले कानूनी व्यवस्थाको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखियो । | |
| ६ | **बैक हिसाव विवरण :** बैक हिसाव विवरण अनुसार गाउँपालिकाको राष्ट्रिय बाणिज्य बैकको खाता नं.३१९००००८०१०१ मा रु.४४१८०९३।२५ रहेकोमा गाउँपालिकाको स्रेस्तामा रु.४१५३५१८.५४ रहेको पाइयो । बैक हिसाव विवरण तयार नपारेकोले रु.२६४५७४.७१ फरक परेको पाइयो । यस खातामा गाउँपालिकाले कारोबार गरेको समेत नपाइएकोले बैकमा रहेको रु. ४४१८०९३।२५ गाउँपालिको संचित कोषमा रु. **४४१८०९३.२५** दाखिला गर्नु पर्ने रु. | ४४१८०९३.२५ |
| ७ | **लगानी र ऋणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम आँबुखैरेनी गाउँपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धीत सभाबाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक , आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । आँबुखैरेनी गाउँपालिकाले यो वर्ष कुनै पनि ऋण लिएको तथा लगानी गरेको देखिएन । | |

| | | |
|---|---|---|
| ८ | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन । योगदानमा आधारित कल्याण कोषको व्यवस्था भएकोले गाउँपालिकाले कर्मचारी कल्याण कोषमाको व्यवस्था गर्नु पर्ने देखिन्छ । | |
| ९ | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलब्ध गराई सवै गाउँपालिकाले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले आर्थिक वर्ष २०७५/७६ सम्म उक्त सफ्टवयेरको प्रयोग गरेको देखियता पनि शिर्षक अनुसार अलग अलग कारोबारको हिसाव राख्न सकेको देखिएन । स्थानीय तहको लेखाप्रणालीलाई बैज्ञानिक र व्यवस्थित गर्नका लागि लागू गरिएको उक्त सफ्टवयेर प्रभावकारी रुपमा शिर्षक अनुसारको लेखा राख्ने तथा वित्तिय विवरण तयार पर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ | |
| १० | **तलवी प्रतिवेदन :** निजामती सेवा ऐन,२०४९ को दफा ७ ख (२) सम्वन्धित कार्यालयले सम्वन्धित कार्यालयले को.ले.नि.का.बाट तलबी प्रतिवेदन पास नगराई तलब खर्च लेख्न नहुने व्यवस्था छ । गाउँपालिकाले आ.व. २०७५०७६ को तलवी प्रतिवेदन पास नगरी रु. १२६२४२७७० बराबरको तलब भत्तामा खर्च लेखेको छ । अतः नियममा भएको व्यवस्था अनुसार तलबी प्रतिवेदन पास गरेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| ११ | **कर्मचारी व्यवस्था :** नेपाल सरकारको मिति २०७४।१२।१४ स्थानीय तहको अन्तरिम संगठन संरचना तथा दरवन्दी सम्वन्धी निर्णयकमा यस गाउँपालिकामा ३३ जना कर्मचारी दरवन्दी रहने उल्लेख छ । स्वीकृत कर्मचारी दरवन्दी मध्ये पदपूति १५ जना भएको पाइयो । रिक्त पद मध्ये ८ जना करारमा राखी रु.२०३१३८०। खर्च लखेको छ । आवश्यक कर्मचारी व्यवस्थापन नहुँदा सेवा प्रवाहमा असर पर्ने भएकोले कर्मचारी व्यवस्थापनमा ध्यान दिनुपर्ने देखियो | |
| १२ | **आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई बर्षमा २ पटक हुने गरेको देखियो ।<br>● जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको छैन ।<br>● मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केहि सामानहरुको मूल्य खुलाएको छैन ।<br>● मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समय मै नदिई आर्थिक वर्षको अन्त्यमा एकैपटक पठाएको देखियो ।<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,<br>● कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>● वार्षिक  कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा | |

| | | |
|---|---|---|
| | तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिनअगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमूखले तोकेको कर्मचारीले "भुक्तानी भएको"जनाउने छापसमेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।<br>• कार्यलयले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको छैन ।<br>• यस गाँउपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्काखाता र कन्टिजेन्सि खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>• विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा नगरी भर्पाइ मात्र संलग्न गरेको सोही आधारमा खर्च भुक्तानी दिने गरेको पाइयो ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाखभन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।<br>• सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।<br>• वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक क्रियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको<br>• कन्टिन्जेन्सि खर्चको अभिलेख रजिष्टर नराखेको,<br>• निजामती सेवा ऐन, २०४९ बमोजिम कार्यविवरण बनाई लागु गर्ने गरेको देखियो,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार सम्पन्न भएका योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको, | |
| १३ | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने, प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । यस गाउँपालीकाले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु अन्तिम लेखापरीक्षण अवधि सम्म पनि कट्टा गरेको देखिएन । नियममा भएको व्यवस्था बमोजिम अन्तिम लेखापरीक्षण हुनु अगावै आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु कट्टा गर्नु पर्ने कार्यालयको ध्यान जानु पर्दछ । | |
| १४ | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । आबुखैरेनि गाँउपालिकाले आर्थिक वर्ष ०७५।७६ मा सांग्रिला नामको राजश्व सम्बन्धि सफ्टयर प्रयोग गरेपनी वडा कार्यालयले रसिदमार्फत राजस्व असुल गरेको, वडा कार्यालयले असुल गरेको राजश्व दाखिला समयमा नगरी मासिक वा एकमुष्ठ रुपमा गर्ने गरेको र केही वडाले दाखिला गर्न बांकी रहेको, मेशिनरी प्रयोगका लागि प्रयोग भएका रसीद र संख्या यकिन नभएको गत वर्षको नगदी रसिद के कति बांकी रहेको, यस वर्ष वडास्तर र गाउँपालिकाका लागि के कति संख्यामा रसिद छपाई भएको हो नखुलेको, वडालाई वितरण गरेको रसिदको विवरण मात्र रहेको, बचत भएका रसीदको विवरण नरहेकोले आम्दानी रकम यथार्थपरक हो वा होइन यकिन हुन सक्ने अवस्था छैन । वडाहरुले आफ्नो अनुकुलतामा राजस्व दाखिला गर्ने गरेको तथा गाउँपालिकाले राजस्व लक्ष्य निर्धारण एवं आन्तरिक नियन्त्रण नगरेका कारण राजस्व आम्दानीको निर्णय देखि | |

| | | |
|---|---|---|
| | असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । तसर्थ राजस्व सम्बन्धमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १५ | **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार संचालन ऐन २०७४ दफा ७७ (२) अनुसार स्थानीय तहले कानून बमोजिम आफ्नो आय तथा व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले आफ्नो वार्षिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्ष अन्तमा एक पटक मात्र गरेको छ । आन्तरिक लेखापरीक्षणबाट आय तथा व्यय र त्यसको लेखाकंन प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया अनुरुप गरे वा नगरेको वित्तीय साधनको उपयोग मितव्ययी तवरले दक्षतापूर्वक प्रभावकारी रुपमा भए वा नभएको, स्वीकृत वार्षिक कार्यक्रम अनुरुप लक्ष्य प्राप्ति गरे वा नगरेको वित्तीय प्रतिवेदनले आर्थिक कारोवारको सही यर्थाथ चित्रण प्रस्तुत गरे वा नगरेको र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी गरे वा नगरेको जस्ता विषयमा जानकारी हुने कानूनमा भएको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराउनु पर्दछ । कार्यालयले आन्तरिक लेखापरीक्षणका लागि जनशक्ति तथा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था गरी प्रभावकारी रुपमा आन्तरिक लेखापरीक्षणको माध्यमबाट आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो बनाउनु पर्ने देखिन्छ । | |
| १६ | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र पारीत गर्नुपर्ने व्यवस्था रहेको छ । गाउपालीकाले सभामा २०७५/३/८ गते पेस गरि गाउँसभाले २०७५/३/२० मा बजेट, नीति तथा कार्यकम पारित गरेको छ । | |
| १७ | **चौमासिक खर्च** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष गरेको कुल पँजीगत खर्च रु. १०८००८३२०.० मध्ये प्रथम चौमासिकमा ६.१७ प्रतिशत, दोश्रो चौमासिकमा १४.९२ प्रतिशत र तेश्रो चौमासिकमा ७८.९१ प्रतिशत खर्च गरेको देखिएको छ । तेस्रो चौमासिकमा भएको खर्च मध्ये आषाढ महिनामा मात्रै ३३.७३ प्रतिशत खर्च भएको छ । कार्यालयले आर्थिक बर्षको अन्त्यमा बढी भार पर्ने गरी खर्च गरेको पाइयो । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा तोकिएको लक्षित कार्य सोही अनुरुप सम्पन्न गर्नेतर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ । | |

**चौमासिक खर्च विवरण**

| क.सं. | बजेट उवपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | समानीकरण अनुदान | ४६७८१५०८ | २०५८४८५.८८ | १०८१५७५३.० | ३३९०९२६८.७ | ९८६४१५२.० |
| २ | सशर्त अनुदान | १३३२८९१९.० | ० | ० | १३३२८९१९.० | १२६७८९१९.० |
| ३ | राजश्व बाँडफाड | ६४४७९१५.१२ | ३२५०००.० | ३७४४१५.१२ | ५७४८५००.० | ३५७६०००.० |
| ४ | आन्तरिक श्रोत | ३५७६०९७८.६८ | ४२७७६२३.७९ | ४९२५३२७.७७ | २६५५८०१८.१२ | ४६०९६२५.०२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | समानीकरण अनुदान | ५६८९०००.० | ० | ० | ५६८९००००.० | ५६८९०००.० |
| | जम्मा | १०८००८३२० | ६६६११०९ | १६११५४९५.८९ | ८५२३३७०६ | ३६४१७६९६.०२ |

| | | |
|---|---|---|
| | यसरी तेस्रो चौमासिकमा ठूलो खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ । | |
| १८ | **विल वेगर भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्नेछ । खर्च भएको सबै रसिद, विल भरपाईहरु सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई प्रमाणि गराई राख्नु पर्ने व्यवस्था छ । भौ.३-०७६।५।३१ बाट खर्च रु.४१५००। लेखेकोमा विल भरपाई रु.७५००। को मात्र भएकोले नपुग रु.३४०००। विल भरपाई पेश गर्ने अन्यथा असुल गर्नु पर्दछ । | ३४०००. |
| १९ | <u>भौ.२८२-०७६।१।१७</u> मसलन्ट तथा कार्यालय सामाग्रीमा रु.३००००। खर्च लेखेकोमा रु.२१०००। को मात्र विल भरपाई पेश भएकोमा नपुग विल भरपाई रु.९०००। प्रमाण पेश गर्ने अन्यथा असुल गर्नु पर्दछ । | ९०००.० |
| २० | **राजस्व परामर्श समितिः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको बैठक मिति २०७५/४/१ र ०७६/३/३१ मा बसेता पनि ऐनमा उल्लेख भए अनुसारका कार्यहरु गरेको देखिएन । | |
| २१ | **पारिश्रमिक कर** : आयकर ऐन, २०५८ को दफा ८ मा रोजगारबाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदाताबाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले श्री गिर ब. थापाको रु.४५९०। र श्री कृष्ण पौडेल को रु.४८५१। गरी रु.९४४१। को वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेको देखिएकोले असुल गरि राजस्व दाखिला गर्नु पर्दछ । | ९४४१.० |
| २२ | **राजस्व दाखीला :** गाउँपालिकाले नगदी रसिद वडा कार्यालयहरुमा पठाउने गरेको छ । वडाकार्यालयहरुबाट काटीएका नगदी रसिद हरुको आम्दानी भोलिपल्ट बैक दाखिला गर्नु पर्नेमा मासिक रुपमा गाउँ पालिकाको कार्यालयमा पठाउने गरेको छ । असुल भएको राजश्व सोही दिन वा भोलिपल्ट बैक दाखिला गर्नु पर्नेमा ढिलो दाखिला गरेको पाइएकोले यस्तो कार्यलाई तत्काल रोकी ऐन नियमको प्रावधान बमोजिम राजश्व दाखिला गर्नु पर्ने देखिन्छ । | |
| २३ | **सम्पति कर :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ  मा गाउँपालिकाले हाालसम्म यो काम सुरु गरेको नपाइएकाले सो काम सुरुगर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २४ | **आर्थिक सहायता :** सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीति मार्गदर्शन २०७५ को वुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेरमात्र क्षतिपूर्ति, औषधोपचार र आर्थिक सहायता वापतको खर्च उपलब्ध गराउने उल्लेख छ ।  कार्यालयले आन्तरिक चालु खर्च शीर्षकबाट विपन्न नागरिक तथा प्रकोप पिढीतलाई घरवास तथा औषधी उपचार खर्च वडा कार्यालयको सिफारिस राखी गाउँपालिका वैठकबाट निर्णय रु. ५लाख ९८ हजार आर्थिक सहायता स्वरुप भूक्तानी गरेको छ । यस्तो खर्च लेख्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरेको छैन । | |

| | | |
|---|---|---|
| | मापदण्ड तयार गरी यस्तो सुविधा दिने कार्यलाई व्यवस्थित गर्नुपर्दछ । | |
| २५ | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालिकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सरसफाईको काममा गाउँक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, जस्ता वातावरण सुधारको गाउँपालिकाले कुनै कार्यक्रम तथा वजेट नराख्ने कार्यले स्वच्छ तथा सफा गाउँ वनाउन तर्फ ध्यान पुगेको देखिएन । अत गाउँ सरसफाई तथा वातावरण संरक्षणका कार्यक्रमहरु समेत संचालन गर्नुपर्दछ । | |
| २६ | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा संझौता बाहेक संझौता पूर्वका उक्त प्रकृया आंशिक रुपमा पालना गरेको देखियो । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ । | |
| २७ | **भौ.न. २२२ ३/२३ :** छिम्केश्वरी माई मन्दिर निर्माणकार्यको लागि उपभोक्ता सहभागिता समेतको लागत अनुमान रु ३३१५९९५।० तयार गरी छिम्केश्वरी माई मन्दीर निर्माण उपभोक्ता समितिसँग मिति २०७५/१२/१५ मा काम सम्पन्न गर्ने गरि मिति २०५/७/२६ मा सम्झौता गरेको छ । उपभोक्ता समितिले गरेको सम्झौता अनुसार २०७५/१२/१५ मा काम सम्पन्न गर्नुपर्नेमा २०७६/३/२६ मा मन्दिर निर्माणको कुल मुल्याङन रु १७६०१२६.३० भएको छ । सो मुल्याङकनमा उपभोक्ता र कन्टिजेन्सी कट्टा गरी रु १४७३६६५। भुक्तानी भएको छ लागत अनुमान अनुसारको काम सम्पन्न भएको छैन । भने मुल्याङ्कन असारको पनि रु.१७६०१२६। को कार्य सम्पन्न प्रतिवेदन पेस गर्नुपर्दछ । | १७६०१२६ |
| २८ | **जटिल प्राविधिक कार्य :** कार्यालयले नया बाटोको ट्रयाक खन्ने, सडक विस्तार गर्ने, पहिरो पन्छाउने आदि कार्यहरु उपभोक्ता समिति मार्फत गराएको छ । यसरी गर्ने कार्यको लागत अनुमान तयार गर्दा जिल्ला दररेट बमोजिम प्रति घनमिटर माटो खन्न तोकिएको दरलाइ आधार बनाइ तर्जुमा गर्ने गरेको छ । तर उपभोक्ताहरुले काम गर्दा र गराउदा प्रति घण्टाको दरमा डोजर, स्काभेटर आदि मेशिन भाडामा लिइ कार्यहरु गराउने गरेको पाइयो । यसरी मेसिन भाडामा लिदा एउटै प्रकृतिको कार्य गर्ने एउटै मेसिनको भाडा समेत एउटै वा फरक स्थान र समयमा समेत फरक फरक दरले भाडामा लिई कार्य गराउने गरेको देखियो । निर्माण कार्यको नापजाच भने स्वीकृत लागत अनुमान बमोजिम प्रति घनमिटरमा नै गर्ने गरिएको छ । तर प्रति घन मिटर उक्त कार्यहरु गर्न के कति घण्टा मेसिन चलाउनु पर्दछ सोको बिश्लेषण गर्ने गरेको पाइएन । गाउँकार्यपालिकाको कार्यलयले समेत प्रति घण्टा डोजर, स्काभेटर लगायतका मेसिनको दररेट के कति हुने सम्वन्धमा निर्णय गरेको देखिन आएन । त्यसैगरी उपभोक्ताबाट गरिने कार्यहरु श्रम प्रधान हुनुपर्ने र मेसिनको प्रयोग गर्न नपाइने भन्ने प्रचलित कानूनहरुको प्रावधान समेत पालना भएको देखिन आएन । जस्तै : भौ .न.१४५, २०७६/२/७ छिम्केश्वरी भकुण्डे सानोभञ्ज्याङ घुमाउने मोटरमार्ग निर्माणकार्यको लागि कार्यलयले उपभोक्ता सँग काम गरायको छ । एक्साभेटर र डोजरको प्रयोग गरि उपभोक्ता समितिले सिंह भैरब निर्माण सेवा प्रा.लि. को विल रु ४४२९७४३।४९ को विल पेस गरेको अधारमा कार्यालयबाट उपभोक्ता समितिलाई रकम भुक्तानी दिएको छ | |
| २९ | **भारी उपकरणको प्रयोग** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९)मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सन्चालित हुने निर्माण कार्यमा रोलर, एक्साभेटर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रिब्यूटर, विटुमिन व्वाईलर जस्ता हेभि मेसिन प्रयोग गर्न नपाइने, तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको र | |

| | | |
|---|---|---|
| | सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजानिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था छ । गाउँपालिकाद्वारा वित्तीय समानीकरण अनुदान र आन्तरिक श्रोतबाट गरिएको पुँजीगत खर्च अर्न्तगत सडक तथा खेलकुद मैदान निर्माण सम्बन्धी काममा तपसिल अनुसार देखिन आएको छ :<br>(क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ ले उपभोक्ता समिति वा लाभग्राही समुदायलाई कार्य गराउनको लागि पूर्वशर्तको रुपमा राखेको दिगोपनाको अभिवृद्धिले विकास कार्यक्रमको वातावरणसँगको अन्तरसम्बन्ध तथा निर्मित संरचनाको स्थायित्वलाई समावेश गर्ने सैद्धान्तिक परिवेशमा उपरोक्त अनुसार भारी उपकरण प्रयोगको अनुपात वढ्दै जाँदा समग्र प्राकृतिक वातावरण क्षयीकरण हुने जोखिम देखिन आउछ । अर्को तर्फ सोही दफाले परिकल्पना गरेको रोजगारी सृजना सम्बन्धी अवधारणा पनि संकटमा पर्ने देखिन्छ ।<br>(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१३क) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने व्यवस्था छ । कार्यालयमा उपभोक्ता समितिले भुक्तानी लिने प्रयोजनको लागि पेश गरेको विल भरपाई तथा निर्णय अनुसार अधिकांश सडकहरू हेभी मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको र उपभोक्ता समितिले निर्माण व्यवसायीमार्फत एक्साभेटर/जेसीवी मेशिन भाडामा लिई निर्माण गर्ने गरेको पाइयो । उपभोक्ता समितिले स्थानीय स्रोत-साधन र श्रम उपयोग नगरी निर्माण व्यवसायीबाट काम गराउँदा परोक्ष्य रुपमा ठेक्का पट्टा भएको स्थिति छ ।<br>सत्रसयटार यान्तोक रानागाउँ झाँक्रीगाउँ मोटरमार्ग उपभोकता समितिलाई मुल्यांकन भन्दा बढि भुक्तान भएको रु.४००११। उपभोक्ता समिति सँग असुल गरी गाउँपालिका खातामा दाखिला गर्नु पर्दछ । | ४००११.० |
| ३० | २१६। ३/२६ B/S मोटरर्स प्रा.ली मार्फत ब्याहोलोडर रु ३५४१०००। मा खरिद गरेकोमा अर्थमन्त्रालयबाट स्विकृति लिनुपर्नेमा नलिई खरिदगर्दा नियमसंगत देखिएन । | **३५४१०००** |
| ३१ | **अनुत्पादक क्षेत्रमा लगानी–**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा गाउँपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले सामुदायिक भवन, क्लब भवन, खेलकुद मैदान जस्ता योजनाहरु अधिक संख्यामा समेत छनौट गरी खर्च गरेको पाइयो । केही उदाहरण निम्नानुसार छन् । | |

| सि.नं. | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | नेपा आदिवासी जनजाती महासंघलाई भुक्तानी | ८००००.० |
| २ | छिम्केश्वरी माई मन्दिर संरक्षण मूल समिति | १५००००.० |
| ३ | छिम्केश्वरी टोल सुधार समितिलाई भुक्तानी | ४०००००.० |
| ४ | सगुन बचत तथा ऋण सहकारी संस्था | १०००००.० |
| ५ | खस्राङ थानीमाई मनिदर निर्माण | २०००००.० |
| ६ | देविडाँडा समाज घर लाई भुक्तानी | १५००००.० |
| ७ | एकता टोल विकास संस्था | २५००००.० |
| ८ | सहयोगी आमा समुह | १०००००.० |
| ९ | पोखरीटार सामुदायक भवन निर्माण | १०००००.० |

| | | |
|---|---|---|
| ३२ | **निर्माण कार्यको गुणस्तरसम्बन्धमा –** गाउँ कार्यपालिकाबाट पारित उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको | |

दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

३३ **सार्वजनिक सुनुवाइः** वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्य आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएकोले कार्यविधिको पालना गर्नुपर्दछ ।

३४ **परामर्श सेवा :** प्रदेश नं.४ प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४को दफा ८ को व्यवस्था बमोजिम नयाँ आयोजनााके हकमा रकम प्रस्ताव गर्दा सम्भाव्यता गर्न आवश्यक हुने तथा सम्भाव्यता अध्ययन पश्चात आगामी वर्ष खर्च हुन सक्ने रकम मात्र पुष्ट्याई प्रस्ताव गर्नु पर्ने व्यवस्था छ । सम्भाव्यता अध्ययन भई स्वीकृत भइसकेका तथा क्रमागत रुपमा कार्यान्वयनमा रहेका आयोजनाका हकमा खरिद योजना वा सम्झौता अनुरुप आगामी वर्ष आवश्यक पर्ने रकम प्रस्तव गर्ने व्यवस्था छ । गाउँपालिकाबाट यस वर्ष १ वटा कार्यक्रम एकीकृत शहरी विकास कार्यक्रमको सम्भाव्यता अध्यायन गरी परामर्शखर्चमा रु.७५००००.० खर्च गरेको नियम सम्बत नदेखिएको रु. ७५००००.०

३५ **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार वार्षिक बजेट कार्यक्रम कार्यान्वयन सुचारु रुपले गराउन र निर्धारित समय भित्र कार्य सम्पन्न गर्न अन्य निकायसँग लिनु पर्ने सहयोग र स्वीकृत बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा सम्पन्न गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको ठेक्का बन्दोबस्तीसम्बन्धी विवरण अनुसार यो वर्ष संचालित भएका १५ वटा कार्यहरूको ठेक्का सम्झौता भएकोमा २ वटा प्रथम चौमासिकमा ४ वटा दोस्रो चौमासिकमा र ९ वटा तेस्रो चौमासिकमा ठेक्का सम्झौता भएकोमा असारमा १ वटा ठेक्का संझौता भएको छ । यसले गर्दा निर्माण कार्य समयमा सम्पन्न नहुने तथा जनतामा प्रवाह हुने सेवा सुविधामा असर पर्ने हुँदा नियमको पालना गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

३६ **न्यून प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ अनुसार बोलपत्रको माध्यवाट खरिद गर्दा प्रतिस्पर्धा गराउनु पर्ने व्यवस्था छ । साथै सोही ऐनको दफा २६(६) बमोजिम कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्द गर्न सकिने प्रावधान तर्फ समेत कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । कार्यालयले यस वर्ष ५ प्रतिशत भन्दा घटी प्रतिस्पर्धा भएका ५ वटा ठेक्का देहाय अनुसार छन् :

| क्र. सं. | कार्यक्रमको नाम | ठेक्का नंबर | बोलपत्र बिक्री सङ्ख्या | बोलपत्र दाखिला सङ्ख्या | लागत अनुमान | स्वीकृत रकम | घटी प्रशिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ट्रस भवन निर्माण कार्य आबुखैरेनी | ७-०७५/७६ | ३ | ३ | १६११.२७ | १५८९.५ | १.३५ |
| २ | विधुत पोल खरिद | १०/०७५/०७६ | ३ | ३ | १४२३.९४ | १४२१.६ | ०.१६ |
| ३ | खेलकुद मैदन घरबार गर्ने कार्य | १३-०७५/०७६ | ३ | ३ | १२०५.३१ | ११८०.९ | २.०२ |
| ४ | construction of trial bridge at Trishulighat | १४-०७५/७६ | १ | १ | ७७९०.७५ | ७७४.०५ | ०.६५ |

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार लागत अनुमान भन्दा २ प्रतिशतभन्दा घटीमा ठेक्का सम्झौता गरेको छ ।

उपरोक्त तालिका अनुसार कार्यालयले ४ वटै ठेक्का मा लागत अनुमानकै हाराहारीमा ठेक्का र्सझौता भएकोछ । तेस्रो चौमासिकमा खोलेका यी ठेक्का मा बोलपत्र बिक्रीको तुलनामा न्यून दर्ता भएको, दर्ता भएका बोलपत्र पनि फिर्ता लिई कानुनी रितसम्म पुऱ्याउन बढीमा १ देखि ३ वटा सम्म दर्ता गराएको हुदा प्रतिष्पर्धाको स्थिति शून्य देखियो । यी माथिका परीदृश्यले बोलपत्रदाताहरुबीच मिलोमतो भएको अवस्था देखिएकोमा पनि जिम्बेवार पदाधिकारीले बैकल्पीक व्यवस्था नगरी ठेक्का स्वीकृति गरेको अवस्था औचित्यपूण नदेखिदा त्यस्ता पदाधिकारीको कार्य सम्पादन सम्बन्धमा छानविन गरी आवश्यक कारबाही गर्नुपर्दछ ।

३७ **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन र प्रगति समीक्षा गर्नुपर्ने र तोकिएको समयमा प्रगति हासिल नगर्ने र विवरण नपठाउनेलाई कारबाही गर्न सकिने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार संचालित कार्यक्रमको प्रगति विवरण देहाय अनुसार रहेको छ ।

| क.सं. | कार्यक्रमको/योजना | यो वर्ष कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|---|
| | | | शुन्य प्रगति कार्यक्रम | २५ प्र.सम्म प्रगति भएका कार्यक्रम | ५० प्र.सम्म प्रगति भएका कार्यक्रम | ७५प्र.सम्म प्रगति कार्यक्रम |
| १ | मुल कार्यक्रम संख्या | १९१ | ८ | २ | २ | ७ |
| २ | सहायक कार्यक्रम संख्या | ० | ० | ० | ० | ० |
| | रकम | १०८०८ | | | | |

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । गाउँपालिकाले सञ्चालन गरेका आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । योजना तथा कार्यक्रममा रु.१० करोड ८० लाख ८ हजार खर्च गरेकोमा नियमावलीले तोके वमोजिम प्रगति प्रतिवेदन तयार गरेको पाइएन । प्रगति प्रतिवेदनको भौतिक प्रगति मापन हुन सक्ने देखिएन ।

३८ **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टीन्जेन्सी समेत समावेश गरेर तयार गर्नु पर्ने व्यवस्था गरेको छ । सोही बोजिम गाउँपालिकाले प्रत्येक योजना कार्यान्बयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चवाट ३ प्रतिशत कट्टागर्ने गरेको देखिएता पनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्च खाता खडा गरी राखेको देखिएन । यस वर्ष कार्यालयले रु. २७८६३८८।०९ खर्च गरेको छ । गाउँपालिकाले योजनागत खाता तयार पारी तोकिएको सीमाभित्र खर्च गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनु पर्दछ ।

३९ **फोहरमैला व्यवस्थापन :** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १२ मा स्थानीय तहले आफो क्षेत्रभित्र संकलन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लगि वातावरण सम्बन्धी प्रचलित कानूनको अधिनमा रही फोहरमैला व्यवस्थापन स्थल तोक्न सकने व्यवस्था अनुसार हालँ गाँउपालीकाले जग्गा भाडामा लिएर फोहरमैला ब्यवस्थापनको कार्य गर्दै आएको देखियो ।

४० **नक्सा पास र मुल्यांकन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाँउपालिका वा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तर यस वर्ष गाउँपालिकामा नक्सा पास सम्बन्धी काम-कारबाही गरेको देखिय तापनि सवै वडा कार्यालयमा लागु भएको देखिएन । तोके बमोजिम संरचना निर्माण गर्नुपूर्व गाउँपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ । घर जग्गा मुल्यांकन गर्ने वैज्ञानिक प्रणालीको अवलम्वन गरी पक्का ढलान, पक्का जस्तापाताको प्रति वर्गफिट कति लागत पर्दछ सो यकिन गरीनु पर्दछ । मालपोत कार्यालयमा लिखत पारितको लागि पठाएको मुल्यांकन प्रतिवेदन यथार्थफरक नभै हचुवाको भरमा लेख्ने गरेको पाईएकोले सोमा सुधार हुनुपर्दछ ।

४१ **सेवा प्रवाह :**कार्यालय आ.व. ०७४/०७५ मा निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।

| सि.नं. | विवरण | सेवा प्राप्तीका लागि निवेदन संख्या |
|---|---|---|
| १ | नागरिकता सिफारिस | १९२ |
| २ | घरबाटो सिफारि | ४६५ |
| ३ | नाता प्रमाणित | २१८ |
| ४ | जन्म दर्ता | ९२७ |
| ५ | मृत्यु दर्ता | २५७ |
| ६ | विवाह दर्ता | ३०८ |
| ७ | बसाई सराई | ९० |
| ८ | सक्बन्ध विच्छेद दर्ता | ११ |
| **जम्मा** | | **२४६८** |

४२ **फीज नगराएको :**आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३३(क) मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी तोकेको उपशिर्षहरुको हकमा वाहेक अन्य उपशीर्षकको सालतमाम हुनभन्दा कम्तिमा सात दिन अगाडी नै सबन्धित कार्यालयले भुक्तानी दिनुपर्ने रकमहरु भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नुपर्ने र यसरी आर्थिक कारोवार बन्द गरेपछि निकासा तथा खर्चको लेखा अद्यावधिक गरी बांकी रहेको रकम सम्बन्धित कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) मा नेपाल सरकारको केन्द्रीय बजेट मार्फत कार्यालयलाई प्राप्त भएको रकम खर्च नभई वर्षान्तमा बांकी हुन आएमा त्यस्तो बांकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाई फ्रिज गर्नु पर्ने व्यवस्था छ । कार्यालयले आर्थिक बर्षको अन्तमा कृषि/पशु मा रु.२ लाख, शिक्षमा रु.२७ लाख, २३ हजार, स्वास्थ्यमा रु.५७ हजार र महिलामा २० हजार गरी जम्मा रु.३० निकासा फिर्ता गर्नुपर्ने देखिन्छ ।

४३ **सशर्त अनुदान रकम फिर्ता -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम अषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गरपालिकाले ससर्त अनुदानको रु.२१२०८१।० कन्टीन्जेन्सी रु.११८८१५। रकम खर्च नभई बाँकी रहेको जम्मा रु.३३०८९६। संचित कोष दाखिला गर्नु पर्नेमा स्थानीय सञ्चित कोषमा जम्मा गरेकोले उक्त रकम संघीय सञ्चित कोषमा रु.३३०८९६। दाखिला गर्नुपर्दछ । (रकम: ३३०८९६)

४४ **विल विजक भन्दा बढि भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ ले लेखा राख्दा र भुक्तानी दिदा विल विजकको आधारमा राख्ने र भुक्तानी दिने व्यवस्था गरेको छ । गाउँपालिकाले निम्न मितिमा विल भरपाई पेश नगरी खर्च लेखेको रकम बिल भरपाई पेश गर्ने अन्यथा रु.५९७२६५८। असुल गर्नु पर्दछ । (रकम: ५९७२६५८.०)

| क्र.सं. | मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ७-२०७६/३/२४ | झोलुङ्गे पुल निर्माणको लागि विल भरपाई बेगर स्थानीय संचित कोषमा ट्रान्फर गरी खर्च लेखेको | २८०००००.० |
| २ | २०७६/३/३१ | विल भरपाई वेगर भवन निर्माणको विशर्षकमा खर्च लेखी स्थानीय संचित कोषमा ट्रान्फर गरी खर्च लेखेको | ३१७२६५८.० |
| | | जम्मा | ५९७२६५८.० |

४५ **बढि भुक्तानी :** कार्य संचालन निर्देशिका, २०७५ परिच्छेद ६ (४) स्थानिय तहमा संचालित विभिन्न किसिमका तालिमहरुमा प्रशिक्षण र कार्य पत्र वापतको दर तोके बमोजिम निम्नानुसारका शुल्क प्रशिक्षकहरुले भुक्तानी लिदा कार्यपत्र पेश गरेको नपाइएकोले कार्यपत्र वापत भुक्तानी लिएको रु.८१६०। असुल गर्नु पर्दछ । (रकम: ८१६०.०)

| भौ.मिति | भु लिनेको नाम | कार्यक्रमको | सेसन | कार्यपत्रक | भु.भएको रकम |
|---|---|---|---|---|---|

| | | नाम | संख्या | ो दर | मु.अ.कर पछि |
|---|---|---|---|---|---|
| ५००-०७६/३/३१ | परशुराम गिरि | मानव वेच विखन तथा घरेलु हिंसा | ३ | ८००.० | २०४०.० |
| | पुष्पा देवि श्रेष्ठ | | २ | ८०० | १३६०.० |
| | मिलन भुजेल | | २ | ८०० | १३६०.० |
| | महेश राज पाठक | | १ | ८००.० | ६८०.० |
| | राम बहादुर खत्री | | १ | ८००.० | ६८०.० |
| | तोप बहादुर कुँवर | | १ | ८००.० | ६८०.० |
| | शिला खनाल | | १ | ८००.० | ६८०.० |
| | बुद्धि प्रसाद भुषाल | | १ | ८००.० | ६८०.० |
| | जम्मा | | | | ८१६०.० |

| | | |
|---|---|---|
| | **कृषि** | |
| ४६ | **बढि भुक्तानी :** कार्य संचालन निर्देशिका, २०७५ परिच्छेद ६ स्थानिय तहमा संचालित विभिन्न किसिमका तालिमहरुमा प्रतिवेदनक तयार को रु.१०००। को व्यवस्था गरेको छ । कृषि पाठसालमा IPM तालिममा नर्म्स मा व्यवस्था गरेको भन्दा बढि रु.१७००। प्रतिवेदन तयारीको भुक्तानी भौ.२७मिति ०७५।१।१६ बाट आलु खेली र भौ. नं. ६३-०७५।३।२२ करेला खेती को लागि लक्ष्मी बाग्लेल लिएको पाइएकोले संबन्धीत बाट असुल गरि राजश्व दाखिला गर्नु पर्दछ । | १७००.० |
| | **शिक्षा तथा खेलकुद :** | |
| ४७.१ | **नमुना विद्यालयः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्च गर्दा विल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माणको लागि राम शाहा मा.वि लाई रु १५०,००,०००।०० निकासा भएकोमा सो को विल भर्पाइ र सो खर्चबाट सम्पन्न कार्यका मूल्याङ्कन, प्रगति तथा अनुगमन प्रतिवेदन पेश नभएकोले तोकिए बमोजिम कार्य भए नभएको परीक्षण गर्न नसकिएकोले समबन्धीत प्रमाण कागजात पेश गर्नु पर्दछ । | |
| ४७.२ | **विद्यालयगत निकासा खाता :** कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सवै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अत विद्यालयलाई जाने सवै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ । | १५००००००.० |
| ४७.३ | **बढी निकासा :** निम्न विद्यालयहरुका शिक्षकलाई त्रैमासिक रुपमा तलब भत्ता निकासा विदा विद्यालयलाई माग गरे भन्दा बढि निकासा दिएको देखिन्छ । तसर्थ माग भन्दा बढि निकासा दिने पदाधिकारीलाई जिम्मेवारी बनाई बढि निकासा राम शाह मा.विलाई रु.१३२६०७१.०६ र मित्रता मा.वि लाई रु.१६६३६६९.५ गरी जम्मा रु.२९८९७४०.५६ बढि निकासा भएको रकम असुल गरी राजश्व खातामा दाखिला गर्नु पर्दछ । | २९८९७४०.५६ |
| ४७.४ | **पाठ्य पुस्तक** : शिक्षा विभाग कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७४।७५ दफा २.१५.११ (क) अनुसार Flash Report को आधारमा कक्षा १-१० सम्म अध्ययनरत छात्रा, दलित विधार्थीहरुका लागि पाठ्य पुष्तक वितरणको लागि अनदान निकाशा दिने व्यवस्था छ । भौ.२५-०७६।१।१० बाट विद्यालयलाई ७५% पाठ्य पुस्तकको लागि रु.१००९६८०। र भौं.७३-०६७।३।२४ बाट नपुग भएर माग हुन आएका विद्यालय लाई रु ३३७६५५। निकासा दिएको छ । पाठ्य पुस्तकका लागि जम्मा रु.१३४७३३५। र छात्रबृद्धिको लागि रु.१३४७३३५। खर्च लेखेकोमा विद्यालय अनुसारका विद्यार्थी के कति संख्यामा थिए त्यसको विवरण पेश नभएकोले बास्तवीक खर्च कति हुनु पर्नेथियो यकिन गर्न सकिएन । | १३४७३३५.० |
| ४८ | **प्रधानमन्त्रि रोजगार कार्यक्रमः** स्थानीय तहमा सुचिकृत बेरोजगार व्यत्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ । गाउँपालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन रु ११६१९८५।०० खर्च भएको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २ (ट) मा बेरोजगार व्यक्तिलाई स्थानीय तहको | |

| | | | |
|---|---|---|---|
| | रोजगार सेवा केन्द्रमा सुचिकृत गरि परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी कार्यविधिको दफा १३ (१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट निर्देशिकाको दफा २१ को उपदफा (३) बमोजिमको प्राथमिकताक्रमका आधारमा काममा खटाउनु पर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले बेरोजगार व्यक्तिहरुको सुचिकृत गरि बेरोजगार परिचयपत्र वितरण गरेर प्राथमिकताको आधारमा मात्र कामका लागि पारिश्रमिक कार्यक्रममा सहभागि गराउनु पर्नेमा गरेको छैन । वडाको सिफारिशको आधारमा मात्र कामदारहरु छनौट गरि कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक बेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहदैन । कार्यक्रममा सहभागि कामदारहरुको ज्याला बैंकिङ् प्रणालीबाट भुक्तानी गर्ने अवस्था हुँदा हुदै त्यसो नगरी वडा अध्यक्षलाई वितरणको लागि नगदै दिएको पाईएकोले वितरण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन । आयोजना सञ्चालन पुर्व स्थानीय तहले प्राविधीक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने तथा सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा गरेको प्रतिवेदन संलग्न भएको छैन । कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकृत बेरोजगार हरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर, रोजगार व्यवस्थापन सुचना प्रणालिलाई अद्यावधिक गर्दै कामका लागि पारिश्रमिक कार्यक्रमलाई विश्वासनिय तथा प्रभावकारी बनाउनु पर्दछ । | |
| ४९ | **<u>सामाजिक सुरक्षा</u>**<br>**नाम नबिकरण:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा ७ (१) मा हाल भत्ता प्ाप्त गरिरहेका सबै प्रकारका लाभ ग्राहीहरुले आगामी आर्थिक बर्ष भित्र भत्ता लिन चाहेमा दफा ६(१)मा उल्लेखित समयमवधि भित्र  वडा कार्यालयमा दरखास्त दिनु पर्ने यवस्था छ । यस गाउँपालिका कार्यालयका उल्लेखित व्यवस्था अनुसार दरखास्त लिई अधिकाशं लाभग्राहीको नाम नबिकरण नगरि बिगत बर्षहरुमा भत्ता पाई राखेकाहरुको नामावली लाई नै नबिकरण मानी भत्ता बितरण गर्ने गरेका कारणले गाउँपालिकाले अनुमान गरेको अनुमानित बजेट एकिन हुन नसकी बढी बजेट अनुमान गर्ने गरको देखिन्छ । अतः कार्यालयले लाभग्राहीहरुको नामावली कार्यबिधिमा उल्लेखित भएको ब्यवस्था अनुसार नबिकरण गराउनु पर्ने देखिन्छ । | |
| ५० | **तुलनात्मक विश्लेषण** : यस गाँउपालिकाले ६ वटै वडामा पहिलो चौमासिमा रु.८४८५८००। बैक मार्फ वितरण भएकोमा व्यक्तिले सामाजिक सुरक्षा भत्ताको रकम बैकमा व्यक्तिले गाउँपालिकाको नाममा अर्को खाता खोती त्यसमा राखि वितरण गरेको कारण ले गर्दा निजलाई कारवाही गरि दोस्रो चौमासीकमा रु.९१८५४००। र तेस्रो चौमासिक रु.८६८५८००। नगदै वितरण गरिएको छ । यस आबमा जम्मा रु.२६३५७०००। रहेको देखिन्छ । गाउँपालिकाले नगदनै वितरण गर्दा जोखिम हुने हुँदा पुन बैक मार्फत वितरण गर्नु पर्ने देखिन्छ । | |
| ५१ | **लगत अद्यावधिक नगरी खर्च लेखेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ६ वमोजिम नाम दर्ता तथा नवीकरणवाट आगामी आर्थिक वर्षको लागि कायम हुन आएको लाभग्राहीहरुको संख्यात्मक विवरण प्रत्येक गाउँपालिका तथा गाउँपालिकाको पौष मसान्त भित्र अनुसूचि ५ वमोजिमको ढाँचामा लगत अद्यावधिक गरी सोही अनुसार भुक्तानी गर्नु पर्ने प्रावधान छ । आँबुखैरेनी गाउँपालिका अर्न्तगतका ६ वटै वडाहरुले भत्ता वितरण कार्यको लागि तोकिएको ढाँचामा चौमासिकगत लगत अद्यावधिक नगरी खर्च लेखेको पाइयो । यसरी भत्ता वितरण गर्दा वास्तविक लाभग्राहीहरुको संख्या एकिन गर्न नसकिने साथै कार्यविधिको परिपालना समेत नगरेको पाइयो । गाँउपालिकाले कार्यविधिको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| | **स्वास्थ्य :** | |
| ५२ | **बढि भुक्तानी :** कार्य संचालन निर्देशिका, २०७५ परिच्छेद ६ स्थानिय तहमा संचालित विभिन्न किसिमका तालिमहरुमा संयोजन भत्ता, प्रतिवेदनक भत्ता लगायत अन्य सबै किसिमका भत्ताको व्यवस्था गरेको छ साथै गाउँपालिकाले दै.भ्र भत्ता नभरेको अवस्थामा अनुगमनको दैनिक रु.१०००। का दरले लिने निर्णय गरेको अवस्थामा निम्न कर्मचारीले अनुगमन र यातायात दुवै खर्च लिएको पाइएकाले यातायात खर्च सम्बन्धीत बाट रु.१०१००। असुल गर्नु पर्दछ । | १०१००.० |

| | | | | | |
|---|---|---|---|---|---|
| भु लिनेको | कार्यक्रमको नाम | अनुगमन | यातायात | बढि | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नाम | | भत्ता | | भु.रकम | |
| | कृष्ण प्रसाद रिमाल | क्षयरोग सेवाको अनुगमन | २५५० | ५०० | २०५०.० | |
| | गणेश राज पण्डिट | | २५५० | ५०० | २०५०.० | |
| | मन प्र रानाभाट | खोप कार्यक्रम | १७०० | २०० | १५००.० | |
| | हुम ब आले | | १७०० | २०० | १५००.० | |
| | पूर्ण कला गौतम | | १७०० | २०० | १५००.० | |
| | कविता थापा | | १७०० | २०० | १५००.० | |
| | | जम्मा | | | | |

| | | |
|---|---|---|
| ५३ | **पेश्की बाकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) मा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यबिधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुबै थरीको कर्तब्य हुने उल्लेख छ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गाउँपालिकाको यस वर्ष दिएको पेश्की मध्ये देहायका व्यक्ति तथा संस्थाहरुको नाममा रहेको पेश्की आर्थिक वर्षको अन्त्यसम्म बाँकी रु.६७१४०००। पेश्की फछ्र्यौट गर्नु पर्दछ । | ६७१४०००.० |

| **क.सं.** | **विवरण** | **जम्मा** |
|---|---|---|
| १ | आमा सुरक्षा कार्यक्रम बापत मुकेश कुमार शाहको पेश्की | २४०००.० |
| २ | आमा सुरक्षा कार्यक्रमवापत अगम राज उपाध्याय | २५००००.० |
| ३ | विमा नविकरण वापत धन बहादुर दर्लामीको पेश्की | ४००००.० |
| ४ | छिमकेश्वरी आधार विद्यालय | १८०००००.० |
| ५ | सुर्योदय आधारभुत विद्यालय | ७०००००.० |
| ६ | चंद्रेश्वरी आधार विद्यालय | ७०००००.० |
| ७ | मित्रता माध्यमिक | ३२०००००.० |
| | जम्मा | ६७१४०००.० |

**अनुसूची- १**

## आँबुखैरेनी गाउँपालिकाकोसञ्चित कोष विवरण
## २०७५।७६

**प्रदेश : गण्डकी** **(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | आँबुखैरेनी गाउँपालिका | तनहुँ | ४४०९६ | ७७९०० | १९१२३७ | ९८८३७ | ३६७९७४ | १९१११२ | १०८००८ | १८९५१ | ३१८०७१ | ९३९९९ |

**अनुसूची– २**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

**(रु.हजारमा)**

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | आँबुखैरेनी गाउँपालिका | तनहुँ | ५९ | १५ | ४२१७६ | ० | ० | ० | ५९ | १५ | ४२१७६ | १३८१३ | ३५४१ | १८१०८ | ० | ० | २१६४९ | ३१४ | ६४०० | ६७१४ |

**अनुसूचि ३**

## अद्यावधिक वेरुजू स्थिति

**(रु. हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | आँबुखैरेनी गाउँपालिका | तनहुँ | ९६८६४ | ०.० | ९६८६४ | ० | ४२१७६ | १३९०४० |